住まいのルールブック（ネパール語）

KJK

कानागावा प्रान्तिय आवास वितरण प्राधिकरण

# बसाईको नियम पुस्तिका

नेपाली भाषा



# प्राधिकरणको भाडाको कोठामा स्वागत छ !

सबैजना प्राधिकरणको आवासमा आनन्दसंग जीवन यापन गर्न सकियोस भनेर,
पालना गर्नुपर्ने नियमहरु र अनुशासन बारे जानकारी गराइन्छ।

# बस्न थालेपछी

## १ सामुदायिक समुहमा सामेल हुनुहोस्

「सामुदायिक समुह」 भन्नाले, बासिन्दा सबैले भागलिने संस्था हो।
समस्या परेमा सामुदायिक समुहले सहयोग गर्नेछ।
नँया ठाँमा कोठा सरिसकेपछी सामुदायिक समुहमा  अभिवादन गर्न जाऔ।
※कुनै ठाउमा, सामुदायिक समुह नभएको पनि छन्।

### सामुदायिक समुहमा कस्तो कार्यक्रमहरु गर्छन?

- भुकम्प वा आगलागी जस्तो प्रकोपको बेला, पानी तथा खाद्यान्न वितरण गर्छन।
- साइकल वा मोटर साइकल स्ट्यान्ड को व्यवस्थापन गर्छन।
- तपाईहरुलाई समस्या पर्दा, प्राधिकरणमा सम्पर्क गरेर सरसल्लाह गर्छन।
- आवस क्षेत्रमा बसोबास गर्ने सबैका लागी इभेन्ट वा चाडपर्वहरुको आयोजना गर्छन।







## २ दैनिक जीवनमा अभिवादन गर्ने

आवास क्षेत्रमा बसोबास गर्ने ब्यक्तिहरुलाई भेट हुँदा 「अभिवादन」 गरेर हेर्नुहोस्।
एक आपसमा कम्युनिकेसन गरौं।



# बस्दाका नियमहरु (१) फोहोर फ्याकने तरीका बारे

फोहोर फ्याक्ने तरिका बारे नियमहरु छन, आफू बसेको ठाँउ अनुसार फरक हुन्छन।
आवास क्षेत्रमा बसोबास गर्ने सबैजना आनन्द संग जीवनयापन गर्न, नियमको पालना गरौं।

## १ फोहोरको प्रकार

आवास क्षेत्रको फोहोर फ्याक्ने ठाँउमा तल उल्लेखित फोहोर फ्याक्न सकिन्छ।

**कुहिने फोहोर**




**नकुहिने फोहोर**




**बोतल • क्यान • पेट बोतल**




**प्रयोग भएका ब्याट्रि**




**धातुहरु**



**ठुला फोहोर**



## २ फोहोर फाल्ने तरिका

फोहोर फ्याक्न सकिने बार र समय, आफु बसेको क्षेत्र र फोहोरको प्रकृती अनुसार फरक हुन्छ।
नगरपालीकाको काउन्टर वा होमपेजमा फोहोर फ्याक्ने गाइडबुक प्राप्त गर्न सकिन्छ।
कोठा सर्नु अगाडि अवश्य हेर्नुहोला।







योकोहामा शहर द्वारा वितरित सामग्री को उदाहरण

## ३ फोहोर छुट्टाउने

फोहोरलाई प्रकार अनुसार छुट्टाएर फ्याक्नु पर्दछ।
नछुट्टाइकन वा बार तथा समय पालना नगरी फ्याकेको फोहोर लैजादैन।
फोहोर रहिरहेमा, कागले खोस्रेर फोहोर फ्याक्ने ठाँउ भरी फोहोर हुने, दुर्गन्ध फैलन्छ।
आवास क्षेत्रको वासिन्दा सबैले आनन्दसंग जीवनयापन गर्नको लागी,
फोहोर छुट्टाएर फाल्न सहयोग गर्नुहोला।




## ४ ठुलो फोहोर फ्याल्ने तरिका


फर्निचर लगाएत ठुला फोहोरहरु 「ठुलो फोहोर」 भन्ने गरिन्छ।
ठुलो फोहोर फ्याल्नको लागी, पुर्व आवेदन आवश्यक पर्दछ।
आवेदन दिएर, शुल्क नतिरि लिएर जादैन।
ठुलो फोहोर फ्याकने आवदन दिने र फ्याक्ने तरिका आफु बसेको ठाँउ अनुसार फरक पर्ने हुँदा,
नगरपालिका मा सोध्ने वा फोहोर फ्याक्ने गाइडबुकमा हेर्नुहोला।



## थाहा नभएको बेला के गर्ने?

फोहोर फ्याक्ने तरिका वा छुट्टाउने बारे थाहा नभएमा, आवास क्षेत्रको वासिन्दा वा सामुदायिक समुहमा अथवा व्यवस्थापन कार्यलयमा सम्पर्क गर्नुहोला।





# बस्दाका नियमहरु (२) आवाज बारे

आवास क्षेत्रमा, छेउमा वा तलमाथी आवाज सुनिन सक्छ।
तसर्थ, तल उल्लेखित अनुशासनका नियमहरु पालना गर्नुहोला।

**राती शान्त बस्ने**



**भुइ वा भित्तामा ढकढक नगर्ने**



भवन भित्र बच्चाहरु उफ्रिने
बल खेल्ने आदि गर्ने नदिने

**कोठामा होहल्ला नगर्ने**



साथीभाइ बोलाएर पार्टि गर्ने बेला
शान्त संग कुरा गर्ने

**टिभी वा अडियोको साउन्ड ठुलो नगर्ने**



बिहान सबैरै वा राति अबेर लुगा धुने
मिसिन वा भ्याकुम किल्नर प्रयोग नगर्ने


## हल्ला हुने खालको स्थिति भएमा छिमेकीहरुलाई जानकारी गराउने

साथी वा परीवारहरु कोठामा आउदा,
हल्ला हुने अवस्था आएमा,
पहिले नै तलमाथी वा छिमेकमा
「साथीहरु आएकोले अलि हल्ला होला
जस्तो छ」 भनेर पुर्व जानकारी गराउने गरौं।
त्यसबाट आवाजको  समस्या रोकिन  सक्छ।



# बस्दाका नियमहरु (३)  बाथरुम तथा शौचालय बारे

बाथरुम तथा शौचालयको पानी जाने प्वाल , सधै सफा राख्नुहोस।
पानी जाने प्वाल अरु कोठासंग जोडिएको हुन्छ।
पानी जाने प्वाल बन्द भएमा,  अन्य कोठामा पनि पानी चुहिने वा ढल चुहि, क्षतिपुर्ति दिनुपर्ने हुन सक्छ।
साथै, शौचालयमा ट्वाइलेट पेपर बाहेक अन्य चिज नहाल्नुहोला।






## क्षतिपुर्ति दिनुपर्ने अवस्था को लागी तयारी

अन्य व्यक्तिको कोठामा क्षति पुराएको खन्डमा तयारीको हिसाबले、
「ब्यक्तिगत क्षतिपुर्ति विमा」 मा पस्नुहुन अनुरोध गर्दछौ।
ब्यक्तिगत क्षतिपुर्ति विमा, गाडीको स्वैच्छिक बीमामा बिशेष सम्झौता भनेर जोडिन सकिन्छ। बिस्तृत जानकारी विमा संस्थाबाट लिनुहोला।

# बस्दाका नियमहरु (४) बरन्डा तथा कौसी (साझा क्षेत्र)

कोठा बाहेकको वरण्डा तथा कौसी (साझा क्षेत्र) भनिन्छ、  ब्यक्तिगत रुपमा ओगट्न पाइदैन। वरण्डा तथा कौसी, प्रकोपकोबेला भाग्ने आपतकालिन द्वार पनि हुन्छ, तसामान वा फोहोर नराख्नुहोला।
साथै, चुरोटको धुँवा मन नपर्ने मानिस हुन्छन्। वरण्डा तथा कौसीमा धुम्रपान नगर्नुहोला।





# बस्दाका नियमहरु (५) साइकल स्ट्यान्डको प्रयोग बारे

आवास क्षेत्रमा साइकल तथा मोटरसाइकल रोक्ने बेला,
साइकल स्ट्यान्डको प्रयोग गर्ने तरिका बारे सामुदायिक समुहमा सोध्नुहोला।
आवास क्षेत्रमा सामुदायिक समुह नभएमा, व्यवस्थापन कम्पनीमा सोध्नुहोला।



# बस्दाका नियमहरु (६) अन्य व्यक्तिलाई बस्न दिनु हुँदैन

प्राधिकरणको नियम अनुसार, आवासमा आवेदन गर्दा टिपाएका नामको ब्यक्तिमात्र बस्न पाउनेछन्।
साथी तथा परीवारलाई आफुखुसी बसाउन पाउदैन।
त्यसमाथी, आवासमा फरक ब्यक्ति बस्नु परेमा प्रकृया पुरा गर्नु पर्दछ।
सर्बप्रथम प्राधिकरणमा फोन गर्नुहोला। （संचालन तथा व्यवस्थापन शाखा फोन:०४५-६५१-१८६४）

# बस्दाका नियमहरु (७) कुकुर वा बिरालो पाल्न मिल्दैन

प्राधिकरणको आवासमा कुकुर वा बिरालो लगाएतका पेटहरु पाल्न पाइदैन।
पेट जनावर पालेको पाएमा, आवास बाट निष्कासन गरिनेछ।



# कोठा सर्ने （बसाई सर्ने） बेलाको अनुरोध

आवासबाट कोठा सर्ने (बसाई सर्ने) बेलामा जानकारी दिनु आवश्यक छ।
कोठा सर्ने तय भएपछि, शुरुमा व्यवस्थापन कम्पनीमा जानकारी गराउनुहोला।
कोठा सर्ने प्रकृया गर्न आवश्यक कागजातहरु तपाईहरुको ठेगानामा हुलाक मार्फत पठाइनेछ।
त्यसपछि कोठाको साँचो फिर्ता गर्ने सम्मको आवश्यक प्रकृयाबारे व्यवस्थापन कम्पनिले बर्णन गर्नेछ।





समस्या परेको बेलामा सम्पर्क जानकारी सिङ्कमा राखिएको चुम्बकमा पनि लेखिएको हुन्छ।

| बस्नुभएको आवास परिसर | सम्पर्क |
|---|---|
| फ्लोर मोतोसुमियोसी, कावासाकी सिमो आसाओ, ताकेयामा, फ्लोर खाजिगाया, हिल्ज चिगुसादाइ, सिराने, फ्लोर योकोहामा यामाते, फ्लोर सिनकावासाकी, हिगासी होन्गो, फ्लोर कावासाकी तोते, फ्लोर यामादामाची, कामी सिराने, रुरिय योकोहामा च्योज्या माची, फ्लोर योकोहामा कान्नाई, ओओसातोच्यो, फ्लोर योकोहामा इरिए माची, रुरिय योकोहामा मियागावा च्यो, कामिसाकुनोबे, फ्लोर कावासाकी सिमोहिरामा, आरेन्बे योकोहामा होसिकावा, नानपेइदाइ, फ्लोर कावासाकी फुरुइचिबा, योकोहामा चुरुमी क्योदो बिरु, फुदोगाओखा, फ्लोर कावासाकी नाकासाइवाइच्यो, योकोहामा रोक्काकुबासी क्योदो बिरु, फ्लोर योकोहामा मिचुजावा, योकोहामा फिताचुया क्योदो बिरु | **कानागावा घरजग्गा संरक्षण संग**<br>**योकोहामा किता सर्भिस सेन्टर**<br>फोन : ०४५-९३३-०५९३<br>(बिदा बाहेक ८ : ३०～१७ : ३०) |
| फ्लोर योकोहामा इदोगाया, इरियामाजु, उरागा, हिगासी जुसी एकिमय क्योदो बिरु, कामीगोउ निसिगाया, सिओमिदाइ, योकोहामा नकाहारादाइनि क्योदो बिरु, फ्लोर सिनसुगिता, कामीगोदाइ | **कानागावा घरजग्गा संरक्षण संग**<br>**योकोहामा मिनामी सर्भिस सेन्टर**<br>फोन : ०४५-७७८-४४२५<br>(बिदा बाहेक ८ : ३०～१७ : ३०) |
| फुजीसावा स्योनानदाइ, फुजीसावा सेइबु, तोतुका फुकाया, कामीचुचिदा, रेजिय तोचुका फुकाया, फुजीसावा योचुचुजी, फुजीसावा येन्गयो, चुजीदो खाइगान | **कानागावा घरजग्गा संरक्षण संग**<br>**स्योनान सर्भिस सेन्टर**<br>फोन : ०४६६-४३-७७३१<br>(बिदा बाहेक ८ : ३०～१७ : ३०) |
| सागामीहारा ताकाने, जामा हिगासीहारा, कासुगादाइ, सोउबुदाइ, आयासे तेराओ होनम्ची यामातो ओओचुकादो, यामातो दाइनी, सिमोकुजावा, यामातो हिगासी क्योदो बिरु, सागामीहारा ताना, नाकाचु, साकुरादाइ, मिदोरीगाओका | **कानागावा घरजग्गा संरक्षण संग**<br>**केनओउ सर्भिस सेन्टर**<br>फोन : ०४६-२५१-२९०१<br>(बिदा बाहेक ८ : ३०～१७ : ३०) |
| ओदावारा साकावा, इसेहारा, निनोमिया, कोन्सेर ओदावारा हिगासीमाची, ओदावारा ताचिबाना, युगावारा, कोन्सेर ओदावारा नाकामाची, इसेहारा इकेहाता, हिराचुका तामुरा | **कानागावा घरजग्गा संरक्षण संग**<br>**सेइस्यो सर्भिस सेन्टर**<br>फोन : ०४६३-७१-१८३९<br>(बिदा बाहेक ८ : ३०～१७ : ३०) |
| योकोहामा वाकाबादाई | **वाकाबादाई माचीजुकुरी सेन्टर**<br>फोन : ०४५-९२१-३३६१<br>(बिदा बाहेक ८ : ३०～१७ : ३०)<br>बुधवार ・ पर्वबिदाको दिन बन्द रहने छ |